आज **मिति २०७८ साल चैत्र ६ गते** चौरजहारी नगर कार्यपालिकाको **७७ औं बैठक** नगर प्रमुख श्री विशाल शर्मा ज्यूको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती**

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विशाल शर्मा | नगर प्रमुख | |
| २ | श्री राधा रोका | उप-प्रमुख | |
| ३ | श्री गोकुल ढुंगेल | सदस्य सचिव | |
| ४ | श्री भद्र वहादुर विष्ट | अध्यक्ष वडा नं. १ | |
| ५ | श्री केशव केसी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाल वहादुर वुढा | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री गोपाल भण्डारी | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उदे खत्री | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री जयलाल महतरा | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री इन्द्रलाल शर्मा | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री देवी खड्का | का.बा.अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री महेश स्वर्णकार | अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री धरम वहादुर के सी | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री मनमोहन शाह | अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री टिकाराम वली | अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री टंक प्रसाद वली | अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री अतिराम विष्ट | अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री सुदास स्वर्णकार | सदस्य | |
| १९ | श्री सपना विष्ट कार्की | सदस्य | |
| २० | श्री विनिता गुरुङ | सदस्य | |
| २१ | श्री दलसरी महतरा | सदस्य | |
| २२ | श्री असारे नेपाली | सदस्य | |
| २३ | श्री लोकेन्द्र परियार | सदस्य | |
| २४ | श्री दिपा के सी | सदस्य | |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)

मिति २०७८/१२/०६ गतेको नगर कार्यपालिकाको ७७ औं बैठकमा पेश भएका प्रस्तावहरु

| क्र.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यस अघि बसेको नगर कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समीक्षा सम्बन्धी प्रस्ताव | यस अघि बसेको नगर कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समीक्षा गर्ने । | |
| २ | चौरजहारी नगरपालिका र कृषि विकास कार्यालय रुकुम (पश्चिम) सँगको सम्झौता अनुसार चौरजहारी नगरपालिका वडा नं. ११ स्थित औद्योगिक ग्राममा टिस्यू कल्चर प्रयोगशाला स्थापना तथा सञ्चालन कार्य कार्यान्वयन गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका र कृषि विकास कार्यालय रुकुम (पश्चिम) सँगको सम्झौता अनुसार चौरजहारी नगरपालिका वडा नं. ११ स्थित औद्योगिक ग्राममा टिस्यू कल्चर प्रयोगशाला स्थापना तथा सञ्चालन कार्य कार्यान्वयन गर्न चौरजहारी नगरपालिकाद्वारा तयार गरिएको BOQ मा उल्लेख भए बमोजिम कार्यहरु सहकारी मार्फत कार्यान्वयन गर्ने साथै टिस्यू कल्चरका लागि आवश्यक केमिकल तथा ल्याब उपकरण खरिद कार्य सिलबन्दी दरभाउ पत्र मार्फत गर्ने साथै ल्याब सेटअप र टेक्नोलोजी ट्रान्सफर सम्बन्धी परामर्श सेवा मार्फत कार्यान्वयन गर्ने । | |
| ३ | सामाजिक विकास मन्त्रालयको आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विशिष्टिकृत प्राविधिक शिक्षालय छनौट गरी प्रस्ताव पेश गर्ने सम्बन्धी प्रस्ताव | सामाजिक विकास मन्त्रालयको आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विशिष्टिकृत प्राविधिक शिक्षालय छनौट गरी मन्त्रालयमा प्रस्ताव पेश गर्ने । | |
| ४ | स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/सञ्चालन कार्यविधि, २०७८ सम्बन्धी प्रस्ताव | स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/सञ्चालन कार्यविधि, २०७८ सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने । | |
| ५ | स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/सञ्चालन कार्यविधि, | स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/सञ्चालन कार्यविधि, | |

गोकुल ढुंगेल
प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

| क्र.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
| --- | --- | --- | --- |
| | २०७८ को परिच्छेद-२ को (छ) को उपदफा (१) बमोजिम संयोजन समिति गठन गर्ने सम्बन्धी प्रस्ताव | २०७८ को परिच्छेद-२ को (छ) को उपदफा (१) बमोजिम संयोजन समिति गठन गर्ने । | |
| ६ | विविध समसामयिक विषयमाथि छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव | १. मयुर नाच, पैसरी नाच, सिँगारु नाच, दमाह नाच लगायत संस्कृति प्रवर्द्धन कार्यक्रमको लागि श्री शहीद स्मृति कला साँस्कृतिक संरक्षण केन्द्रलाई भुक्तानी दिने ।<br>२. अपाङ्ग भएका व्यक्तिहरुलाई ह्वीलचेयर, छडी, न्यानो कपडा लगाएतको सामग्री खरिद कार्य शिर्षकको रकम रु. ७०००००/- सम्बन्धी प्रस्ताव संशोधन गर्ने ।<br>३. मालपोत कार्यालय रुकुम (पश्चिम) बाट कार्य सञ्चालन कोष खाता ख-छ बाट बाँडफाँड भै आएको रकमको ५% ले हुन आउने रकम रु. १६५१२२/- (अक्षरुपी एक लाख पैंसट्ठी हजार एक सय बाइस रुपैयाँ मात्र) मालपोत कार्यालय रुकुम (पश्चिम) लाई सोलार खरिद र अभिलेख तथा तामेली व्यवस्थापनको लागि सहयोग गर्ने ।<br>४. बहुक्षेत्रिय पोषण योजना, विस्तृत कार्ययोजनाको केही शीर्षकहरु अनुसूची २ बमोजिम संशोधन गर्ने | |

गोकुल ढुंगेल
प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

## मिति २०७८/१२/०६ गतेको ७७ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरु

१. यस अघि बसेको नगर कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समीक्षा गरीयो ।

२. चौरजहारी नगरपालिका र कृषि विकास कार्यालय रुकुम (पश्चिम) सँगको सम्झौता अनुसार चौरजहारी नगरपालिका वडा नं. ११ स्थित औद्योगिक ग्राममा टिस्यू कल्चर प्रयोगशाला स्थापना तथा सञ्चालन कार्य कार्यान्वयन गर्न चौरजहारी नगरपालिकाद्वारा तयार गरिएको BOQ अनुसार गर्ने र टिस्यू कल्चर निर्माणका लागि BOQ मा उल्लेख भए अनुसार टिस्यू कल्चर ल्याब भवनभित्र निर्माण कार्य, वायरिङ्ग, सुरक्षा उपकरण (सिसिटिभि) जडान, लगाएतका कार्यहरु सहकारी मार्फत कार्यान्वयन गर्ने साथै टिस्यू कल्चरका लागि आवश्यक केमिकल तथा ल्याब उपकरण खरिद कार्य सिलबन्दी दरभाउ पत्र मार्फत गर्ने साथै ल्याब सेटअप र टेक्नोलोजी ट्रान्सफर सम्बन्धी परामर्श कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कार्यान्वयन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

३. सामाजिक विकास मन्त्रालयको आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विशिष्टिकृत प्राविधिक शिक्षालय खोल्ने कार्यक्रम रहेकोले आयोजनाको विस्तृत अध्ययन (DPR) तथा कार्यान्वयन स्थानीय तहले नै गर्ने गरी यस नगरपालिका वडा नं. २ स्थित शितल मा.वि.लाई इन्जिनियरिङ्ग तर्फको प्राविधिक शिक्षालयको रुपमा विकास गर्ने गरी छनौट गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

४. स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/सञ्चालन कार्यविधि, २०७८ सम्बन्धी प्रस्ताव स्वीकृत गरियो ।

५. स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/सञ्चालन कार्यविधि, २०७८ को परिच्छेद-२ को (छ) को उपदफा (१) बमोजिम संयोजन समिति गठन गर्ने सम्बन्धी उल्लेख भए बमोजिमका पदेन सदस्यहरु बाहेक नगरपालिकाबाट तोक्नु पर्ने सदस्यहरुको नाम तपसिल बमोजिम मनोनयन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

तपसिल

क. उपदफा १ (ख) अनुसार नगर प्रमुखले बढी जनसंख्या भएका कुनै एक वडाका अध्यक्ष मध्येबाट चौ.न.पा. वडा नं. १४ का वडा अध्यक्ष श्री अतिराम विष्टलाई सदस्यमा मनोनयन गरिएको

ख. उपदफा १ (ग) अनुसार नगर प्रमुखले सेवा प्रदायक संस्था मध्येबाट चौ.न.पा. वडा नं. १ को चौरजहारी अस्पतालका श्री पूर्ण थापालाई सदस्यमा मनोनयन गरिएको

ग. उपदफा १ (घ) अनुसार स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेका तथा महिला स्वयम्सेविका मध्येबाट मनोनयन गरिएका सदस्यहरुको नामावली

१. स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेका जनस्वास्थ्य निरिक्षक श्री चुडामणी के.सी.
२. महिला स्वयम्सेविका श्री कमला वि.एम.

६. मयुर नाच, पैसेरु नाच, सिंगारु नाच, दमाह नाच लगाएत साँस्कृतिक प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न मिति २०७८/१०/०९ गते प्रथम पटक प्रकाशित सूचना अनुसार म्यादभित्र श्री शहीद स्मृति कला साँस्कृतिक संरक्षण केन्द्रको मात्र प्रस्ताव पेश भई छनौट भएको र सोही केन्द्र सँग नगरपालिकाले कार्यक्रम सञ्चालनको लागि गरिएको सम्झौता अनुसार कार्य सम्पन्न भई सो पश्चात शहीद स्मृति कला साँस्कृतिक संरक्षण केन्द्रले पेश गरेको तालिम सम्बन्धी कागजात र साँस्कृतिक प्रर्वधन गर्न खरिद गरिएका सामानहरुको वील भरपाई अनुसार उक्त श्री शहीद स्मृति कला साँस्कृतिक संरक्षण केन्द्रलाई भुक्तानी दिन नगरपालिकालाई निर्देशन दिने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

७. अपाङ्ग भएका व्यक्तिहरुलाई ह्वीलचेयर, छडी, न्यानो कपडा लगाएतको सामग्री खरिद कार्य शिर्षकलाई देहाय बमोजिमको कार्यक्रम संशोधन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो।

<u>तपसिल</u>

| विनियोजन शिर्षक | | | | ब्रेकडाउन गरी विनियोजन हुने शिर्षक | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | रकम | सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | विनियोजन (ब्रेक डाउन रकम) |
| १ | अपाङ्ग भएका व्यक्तिहरुलाई ह्वीलचेयर, छडी, न्यानो कपडा लगाएतको सामग्री खरिद गरी वितरण गर्ने | नेपाल सरकार समानिकरण | ७००००० | १ | अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सहायक सामाग्री (ह्वीलचेयर, छडी, वैसागी) खरिद गरी वितरण गर्ने | नेपाल सरकार समानिकरण | २१६००० |
| | | | | २ | अपाङ्गता भएका व्यक्तिहरुलाई न्यानो कपडा खरिद तथा सम्मान कार्यक्रम | नेपाल सरकार समानिकरण | ४८४००० |
| जम्मा | | | ७००००० | जम्मा | | | ७००००० |

८. मालपोत कार्यालयको मिति २०७८ फागुन १५ गते रुकुम (पश्चिम) जिल्लाका सवै पालिकाका प्रमुख/अध्यक्षहरुको उपस्थितिमा बसेको बैठकको निर्णय नं. २ बमोजिम मालपोत कार्यालय रुकुम (पश्चिम) बाट कार्य सञ्चालन कोष खाता ख-छ बाट बाँडफाँड

भै आएको रकमको ५% ले हुन आउने रकम रु. १६५१२२/- (अक्षरुपी एक लाख पैंसट्ठी हजार एक सय बाइस रुपैयाँ मात्र) मालपोत कार्यालय रुकुम (पश्चिम) लाई सोलार खरिद र अभिलेख तथा तामेली व्यवस्थापनको लागि सहयोग गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

९. बहुक्षेत्रिय पोषण योजना, विस्तृत कार्ययोजनाको केही शीर्षकहरु अनुसूची १ बमोजिम संशोधन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

अनुसूची-१

(निर्णय नं. ९ सँग सम्बन्धित)

**बहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत पशु सेवा क्षेत्र**

| क.सं. | कार्यक्रमको नाम | इकाई | बजेट स्रोत | | क.सं. | कार्यक्रमको नाम | इकाई | बजेट स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल सरकार | स्थानीय सरकार | | | | नेपाल सरकार | स्थानीय सरकार |
| १ | चल्ला खरिद र ढुवानी | पटक | १७५ | | १ | चल्ला खरिद र ढुवानी | पटक | १८० | |
| २ | खोर निर्माण तथा अन्य व्यवस्थापन | पटक | १५० | | २ | खोर निर्माण | पटक | ३०० | |
| ३ | दाना तथा औषधी | | १७५ | १०० | ३ | दाना तथा औषधी र अन्य व्यवस्थापन खर्च | पटक | २० | १०० |
| | जम्मा | | ५०० | १०० | | जम्मा | | ५०० | १०० |

गोकुल ढुंगोल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख